आज मिति २०७८ साल पौष २७ गते कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जयनारायण आचार्यज्यूको अध्यक्षतामा देहायका सरोकारवला निकाय/संस्थाका पदाधिकारीहरुको उपस्थितिमा कोभिड-१९ को संभावित संक्रमण जोखिम रोकथाम तथा नियन्त्रणका लागि सार्वजनिक सवारीसाधनहरुमा यात्रा गर्दा अपनाउनु पर्ने स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गराउने सम्बन्धमा समन्वय बैठक बसि निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति :**

| | | |
|---|---|---|
| श्री जयनारायण आचार्य | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय कास्की |
| श्री रमेश थापा | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, कास्की |
| श्री अनिल कुमार शाही | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय कास्की |
| श्री डिल्लिराम रिज्याल | प्रमुख | यातायात व्यवस्था कार्यालय, सवारी कास्की |
| श्री अमृत बहादुर बस्नेत | प्रहरी निरीक्षक | जिल्ला ट्राफिक प्रहरी कार्यालय, कास्की |
| श्री योगेन्द्र के.सी. | अध्यक्ष | स.रा.व.स.व्व.प्रा.ली. पोखरा |
| श्री प्रकाश मणी तिवारी | " | पोखरेली यातायात सेवा प्रा.ली. " |
| श्री पूर्ण बहादुर थापा | सञ्चालक | " " " " |
| पुष्प पोखरेल | अध्यक्ष | स्याङ्जा गण्डकीयातायात प्रा.लि. |
| भानु भक्त बराल | महासचिव | " " |
| आध्यीराज गिरी | अध्यक्ष | गण्डकी ट्याक्सी व्यवसाय प.लि. |
| पूर्ण | जि.ट्रा. | का.प्रमुख " " " |
| राजन रायमाझी | प्रहरी निरीक्षक | पर्यटक प्रहरी पोखरा |
| दिनेश काफ्ले | प्रमुख नापी अधिकृत | नापी कार्यालय, कास्की |
| राजेन्द्र प्रसाद पौडेल | प्रमुख मालपोत अधिकृत | मा.पो.का.कास्की |
| केदार प्रसाद पौडेल | अध्यक्ष | यातायात व्यं.स.मं. कास्की |
| देवी प्रसाद कुइकेल | सञ्चालक | पोखरा या.प्रा.लि. कास्की |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

**निर्णयहरु :**

१. कोभिड-१९ को संभावित संक्रमण जोखिम रोकथाम तथा नियन्त्रणका लागि सार्वजनिक सवारीसाधनहरु सञ्चालन गर्दा देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो :

क. सार्वजनिक तथा निजी सवारी साधनहरु सञ्चालन गर्दा कूल स्वीकृत सीट क्षमता भन्दा बढि यात्रु नराख्ने,

ख. स्वीकृत स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्ने गराउने, चालक सहचालक र यात्रुले अनिवार्य रुपमा उचित तरिकाले मास्कको प्रयोग गर्ने,

ग. सवारी साधनको ढोकामा नै स्यानिटाइजरको व्यवस्था गर्ने

घ. लामो दुरीका सार्वजनिक सवारी साधनहरुले यात्रा प्रस्थान विन्दुमै यात्रा शुरु गर्नु पूर्व यात्रुहरुले कोभिड विरुद्धको खोप लगाएको सुनिश्चित गर्न खोप कार्ड हेरी (मोवाईलमा खोप कार्डको फोटो भए पनि हुने) यात्रुहरुको विवरण राखी मात्र यात्रा गराउने,

ङ. उल्लेखित व्यवस्था पालना भए नभएको अनुगमन सम्बन्धित यातायात व्यवसायिक संस्थाले समेत गर्ने ।

च. यातायात व्यवसायीहरुले खोप नलगाएका यातायात मजदुरहरुको संख्या एकिन गरी खोपको व्यवस्थाका लागि स्वास्थ्य कार्यालय,कास्कीमा पठाउने र सो को समन्वय जिल्ला प्रशासन कार्यालय कास्कीले गर्ने ।

जयनारायण आचार्य
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की